नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल नं. २८ गण

## हे.क्वा. कपिलबस्तु

### सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

सूचना नं. १

प्रथम पटक प्रकाशित मितिः-२०८०/११/०६ गते ।

यस सशस्त्र प्रहरी बल, नेपाल नं. २८ गण हे.क्वा. कपिलबस्तुमा मौज्दातमा रहेको लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान र सवारी साधनहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पुराना सवारी साधनहरु र जिन्सी मालसामानहरु बिवरण | न्यूनतम जम्मा मूल्य रु (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|
| १. | टाटा टु टन ट्रक-२ थान, टाटा टेल्को-१ थान र प्रयोगमा ल्याईसकेका पुराना व्याट्री, ईलेक्ट्रोनिक तथा फर्निचर लगायतका जिन्सी सामानहरु । | ५,८२,७९७।८५ | सवारी साधन नामसारी दर्ता नहुने |

१. ईच्छुक बोलपत्रदाताहरुले सशस्त्र प्रहरी बल, नेपाल नं. २८ गण हे.क्वा.बाट आवश्यक जानकारी हासिल गर्न वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. ईच्छुक बोलपत्रदाताले २०८०/११/२० गते सम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु.१,०००।- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, तौलिहवा शाखा स्थित कोष तथा लेखा नियन्त्रक, कार्यालय कपिलवस्तुको राजश्व खाता नं.१०००१००२०००१००००, यस सशस्त्र प्रहरी बल, नेपाल नं. २८ गण हे.क्वा.कपिलवस्तुको कार्यालय कोड नं. ३११४०५४९०१, राजश्व शिर्षक नं. १४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचर सहित, बोलपत्रदाताको फर्म दर्ता प्रमाण पत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (मिति २०८०/११/२१ गते) को १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु १६ औं दिन (मिति २०८०/११/२१ गते) को १४:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्ने चाहने बोलपत्रदाताले कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्नु पर्नेछ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम सशस्त्र प्रहरी बल, नेपाल नं. २८ गण हे.क्वा. कपिलवस्तुको कार्यालय कोड नं. ३११४०५४९०१, राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, तौलिहवा शाखामा कोष तथा लेखा नियन्त्रक, कार्यालय कपिलवस्तुको धरौटी खाता नं. ३११०१००१०२०३०००० मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० (नब्बे) दिन म्याद भएको बैंक जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

७. बोलपत्र स्वीकृत गर्दा सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ।

८. बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

९. स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको १०(दश) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ प्रतिशत समेत थप गरि जम्मा हुन आउने रकम दाखिला पश्चात सम्झौता गरि सामान लैजानु पर्नेछ । तोकिएको समय भित्र लिलाम सकार गरेको सवारी साधनहरु तथा जिन्सी सामानहरु नियमानुसार उठाई नलगेमा बोलपत्र जमानत वापतको रकम नियमानुसार जफत गरि प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

१०. उल्लेखित सवारी साधन तथा जिन्सी मालसामानहरु हेर्न वा लिलाम सम्बन्धी थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको कार्यालय समय भित्र आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको सम्पर्क नं. ९८५१२७२१३७ मा सम्पर्क गरि आवश्यक जानकारी लिन सकिनेछ ।

जीवन के.सी.

सशस्त्र प्रहरी उपरीक्षक